नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
# वाणिज्य विभाग

## वाणिज्य विभाग बाट २०६८ श्रावण १ देखि भाद्र २७ गते सम्म सम्पन्न भएका बजार अनुगमन र उपभोक्ता हित सम्वन्धी कार्यको प्रगति विवरण

१. **वाणिज्य विभागले काठमाडौं उपत्यकामा गरेको बजार अनुगमन विवरण**

वाणिज्य विभागको संयोजकत्वमा खटिएको बजार अनुगमन टोलीले उपत्यकाका विभिन्न स्थानमा गरी जम्मा १५० वटा व्यवसायको अनुगमन गरेको ।

१.२ **अनुगमन गरिएको वस्तु/सेवाहरु**
खाद्यान्न, पेट्रोलियम पदार्थ, एल.पी. ग्याँस, पानी , मिठाई, फलफूल, दूध र अन्य

१.३ **अनुगमन गरिएका क्षेत्रहरु**
कालीमाटी, कोटेश्वर, कलंकी, वालाजु, हात्तीगौंडा, त्रिपुरेश्वर, जडीवुटी, कुलेश्वर, बुढानिलकण्ठ, चावहिल, तिनकुने, महाराजगञ्ज, वत्तीसपुतली, असन, जयावागेश्वरी, वानेश्वर, किर्तीपुर महाराजगञ्ज, जोरपाटी, सुनधारा, वालाजु, लाजिम्पाट, मैतीदेवी, अनामनगर, नक्साल, कमलपोखरी, पुतलीसडक, ललितपुर उपमहानगरपालिका क्षेत्र आदि ।

१.४ **अनुगमनको सिलसिलामा गरिएको कार्य र दिइएका निर्देशनहरु**

- अत्यावश्यक उपभोग्य वस्तुहरुको आपूर्ति व्यवस्था, वितरण व्यवस्था, तौल परीक्षण, गुणस्तर परीक्षण, स्टक व्यवस्था, मूल्य व्यवस्था लगायतका विभिन्न कुराहरुको अनुगमन गरी ऐन नियम बमोजिम उपभोक्ताहरुलाई हित पु-याउन गर्नुपर्ने कुराहरु सम्झाई आवश्यकतानुसार विभिन्न निर्देशनहरु दिइएको ।
- साइनवोर्ड नराखेका व्यवसायीहरुलाई यथाशीघ्र साइनवोर्ड राख्न निर्देशन दिइएको ।
- व्यवसायीहरुलायई PAN/VAT मा दर्ता गरी कारोवार संचालन गर्न निर्देशन दिइएको ।
- मूल्यसूची नराख्ने विभिन्न व्यवसायीहरुलाई तुरुन्त मूल्यसूची राख्न र मूल्यसूची अद्यावधिक नगर्ने व्यवसायीहरुलाई तुरुन्त अद्यावधिक गर्न निर्देशन दिइएको ।
- मूल्यसूची संकलन कार्य गरेको ।

१.५ **कारवाहीको विवरणः**

- मापदण्ड विपरीत उद्योग संचालन र खाद्य अनुज्ञा पत्र नलिई पानी उत्पादन गर्ने अक्वा कोल्ड ब्राण्ड र पेन्गुइन ब्राण्ड पानीलाई उत्पादन र विक्री वितरणमा रोक लगाई उद्योग विरुद्ध कारवाही अगाडि बढाइएको ।

- हाइड्रो स्टाटिक टेष्ट गर्नु पर्ने अवधि समाप्त भएका सिलिण्डरहरु प्रयोग गरेको सम्वन्धमा त्रिशुल ग्याँस प्रा.लि. विरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता भएको ।

- वानेश्वरका ३ वटा फलफूल पसलले कम तौलको ढक प्रयोग गरेको सम्वन्धमा उक्त ढकहरु जफल गरी कारवाही अगाडि बढाइएको ।

- वानेश्वरका ६ वटा फलफूल पसलले विना दर्ता व्यवसाय संचालन गरेकोले स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार कारवाहीको लागि काठमाडौं महानगरपालिकामा लेखि पठाएको ।

- ३ वटा ग्याँस उद्योगलाई सुधारको लागि सचेत गराइएको ।

- न्यूरोड कर्नर गुदँपाक पसल समेतलाई कालोवजार तथा केही अन्य सामाजिक अपराध र सजाय ऐन २०३२ बमोजिम कारवाही अघि बढाउन जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा लेखि पठाएको ।

- अनुगमनको क्रममा अनियमित कार्य गरेको भेटिएका ५ व्यावसायलाई अर्को आदेश नभएसम्म उत्पादन र विक्री रोक्का राख्न आदेश दिएको ।

**जिल्ला स्तरबाट**

धादिङ्ग,चितवन, नुवाकोट, भोजपुर, भैरहवा, नेपालगञ्ज, धनगढी, विराटनगर, वीरगंज, इलाम, सिन्धुली, रामेछाप, भक्तपुर, ललितपुर, डडेलधुरा, रुकुम, कास्की, आदी जिल्लाबाट बजार अनुगमनको प्रतिवेदन प्राप्त भएको छ ।